# नीलकण्ठ नगरपालिका, धादिङ

## नगर कार्यपालिकाको, वैठक

## मिति २०७८/०९/२८

<u>निर्णयहरु</u>

**१**. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. १४७ मिति २०७८/०९/२७ गतेको पत्रवाट आ.व. २०७९/०८० मा कार्यान्वयन हुनेगरी सङ्घीय समपूरक अनुदान तथा विशेष अनुदान अन्तर्गत सञ्चालन गरिने आयोजना/ कार्यक्रमका लागि प्रस्ताव आह्वान गरिएकोमा यस वैठकमा छलफल हुँदा तपशिल वमोजिमका आयोजनाहरु आ.व. २०७९/०८० मा कार्यान्वयन हुनेगरी राष्ट्रिय योजना आयोगमा प्रस्ताव पेश गर्ने ।

**<u>समपूरक अनुदान तर्फका आयोजना</u>**

१. धादिङवेशी सुनौला वजार सडक निर्माण नी.न.पा. प्रस्तावित वजेट रु १० करोड,

**<u>विशेष अनुदान तर्फका आयोजनाहरु</u>**

१. भैरवी मन्दिर निर्माण तथा परिसर निर्माण, नी.न.पा. ६ नं. वडा, प्रस्तावित वजेट रु २ करोड,

२. नीलकण्ठेश्वर महादेव पार्क निर्माण, नी.न.पा. ८ नं. वडा, प्रस्तावित वजेट रु २ करोड

३. सिम्ले ज्यामरुङ खानेपानी योजना निर्माण, नी.न.पा. ११ नं. वडा, प्रस्तावित वजेट रु २ करोड,

**२.** आगामी आर्थिक वर्ष २०७९/०८० का लागि वागमती प्रदेश सरकारवाट विनियोजन हुने विशेष तथा समपूरक अनुदान तर्फ यस नगरपालिकाका लागि देहाय वमोजिमका आयोजनाहरु माग गरी पठाउने

**<u>समपूरक अनुदान तर्फका आयोजना</u>**

१. सल्लामोड खुर्पे खोला सडक निर्माण, नी.न.पा. १३

२. धादिङवेशी खाल्टे फोस्रेटार सडक निर्माण नी.न.पा.

३. पाचधारे काउले सडक नी.न.पा. २

४. पक्की पुल जनकमोड रिजाल डाँडा, आँगेटारी पचघरे सडक स्तरोउन्नती(पिच) नी.न.पा. १२

५. कुपा रिमाल डी सडक नी.न.पा. १४

६. नवदुर्गा पूलवाट कभर्डहल जाने सडक  नी.न.पा. १२

**<u>विशेष अनुदान तर्फका आयोजनाहरु</u>**

१._नीलकण्ठेश्वर महादेव पार्क निर्माण, नी.न.पा. ८ नं. वडा,

२. व्यापारी वगैचा खा.पा. योजना नी.न.पा. ४

३. गहते, छाँगे खोल्ली- रिजाल डाँडा खा.पा. योजना नी.न.पा. १२

४. साततले खोल्सी कदमे खोल्सीको मुलवाट १२ नं. वडामा वृहद खा.पा. योजना

५. पशुपति पौवाखाल्टा सडक निर्माण तथा स्तारोउन्नती नी.न.पा. ९

**३.** खानेपानी तथा ढल व्यवस्थापन विभाग, सहलगानी खानेपानी तथा सरसफाई आयोजना अन्तर्गत यस नगरपालिकाको वडा नं. २, ३, ४ र १२ मा सञ्चालन हुने खानेपानी आयोजनाका सम्वन्धमा यस नगरपालिकाको च.नं. ११३४ मिति २०७८।०९।१८ र च.नं. ११९३ मिति २०७८।०९।२२ गते सरोकारवाला निकाय समक्ष नगरपालिकामा सञ्चालन हुने खानेपानी आयोजनाका सम्वन्धमा कार्यालयको नियमानुसारको ५ प्रतिशत व्यहोर्ने सिफारिस सहितको पत्र पेश गरिसकिएको एवम् उक्त आयोजना सञ्चालनार्थ उपभोक्ता समितिले व्यहोर्नु पर्ने ३० प्रतिशत रकम मध्ये टोल सुधार महासमितिको मिति २०७८/०९/१६ गतेको वैठकको निर्णयानुसार पछि सम्वन्धित खानेपानी समितिसँग शोधभर्ना लिनेगरी हाललाई ५ प्रतिशत यस नगरपालिकावाट व्यवस्था गरिने र वाकी २५ प्रतिशतको साझेदारी रकमको हकमा उपभोक्ता समिति लगायत अन्य माध्यम मार्फत तथा अन्य निकायसँग ऋण लिई व्यवस्था गरिने व्यहोरा सिफारिस गरिएकोमा सहलगानी खानेपानी तथा सरसफाई कार्यक्रम मार्फत् कार्यान्वयन हुने खानेपानी आयोजनाहरु यस नगरपालिका मार्फत सञ्चालन हुनेगरी आयोजनाहरुको सम्झौता लगायतका अन्य कामकाजहरु अगाडी वढाई खानेपानी आयोजनाहरुको कार्यान्वयन एवम् अन्य प्रक्रियामा सहजीकरणका लागि गरिएको नगर प्रमुखस्तरीय निर्णयलाई अनुमोदन गर्ने ।

**४.** खानेपानी तथा ढल व्यवस्थापन विभाग, सहलगानी खानेपानी तथा सरसफाई आयोजना अन्तर्गत सञ्चालन हुने सहलगानी आयोजनाका सम्वन्धमा नेपाल सरकारको ७० प्रतिशत र सम्वन्धित

समिति/स्थानीय निकायको ३० प्रतिशत लागत साझेदारी हुनेगरी यस नीलकण्ठ नगरपालिका वडा नं. २, ३, ४, र १२ मा सञ्चालन हुने खानेपानी आयोजनाका सम्वन्धमा खानेपानी तथा ढल व्यवस्थापन विभाग, संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना भरतपुर, चितवनको च.नं. १३७ मिति २०७८/९/२६ गतेको प्राप्त पत्रानुसार उक्त आयोजनाको कार्य अगाडि बढाउन खानेपानी तथा ढल व्यवस्थापन विभाग, संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना भरतपुर, चितवन र यस नगरपालिकाको कार्यालय, धादिङको सयुक्त नाममा एन.आई.सि. एसिया वैक लिमिटेड धादिङ, शाखामा वैक खाता खोली स्वीकृत लागत इस्टिमेट रकम रु ४५,६५,७३,०००/२३ मध्ये हाललाई स्वीकृत रकमको ५ प्रतिशतले हुन आउने रकम रु २,२८,२८,६५०/०१ सो खातामा जम्मा गर्ने, सो रकम हालका लागि यस नगरपालिकाको संचित कोषवाट व्यवस्थापन गर्ने ।

**५.** यस नगरपालिकाको नवौं नगरसभावाट पारित नीति कार्यक्रम तथा वजेटमा खेलकूद क्षेत्रको विकास र प्रर्द्धधन गर्नका लागि मेयर कप सञ्चालन/खेलकुद कार्यक्रम व्यवस्थापनका लागि विनियोजन भएको रु २५,००,०००।- (अक्षेरुपी पचिस लाख) रकम भुलवस शिक्षा तर्फको पेज नं. ९१, सि.नं. २३४ र खर्च शीर्षक ३११३४ मा ५० प्रतिशत ल्यापटप खरिद शीर्षक अन्तर्गत परेको हुदा उक्त शीर्षकमा विनियोजन भएको ६० लाख वजेट मध्ये रु २५ लाख रुपैया मेयर कप सञ्चालन/खेलकुद कार्यक्रम व्यवस्थापन शीर्षकमा रकमान्तर गर्ने ।

**६.** नेपाल सरकारको निधारित कार्यक्रम, कामका लागि पारिश्रमिक आयोजना र युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना अन्तर्गत प्रधानमन्त्री रोजगार कार्यक्रम संचालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम निर्देशिका, २०७५ वमोजिम आ.व. २०७८/०७९ मा सञ्चालन हुने आयोजनाहरुको कार्यान्वयनका लागि मिति २०७७/११/०१ गते देखि मिति २०७७/११/३० सम्म प्रकाशित सूचनाको म्यादभित्र यस कार्यालय र यस कार्यालयको मातहतका कार्यालयहरुमा दर्ता भएका निवेदहरु मध्ये तपशिल वमोजिमका वेरोजगारहरु सुचिकृत गर्ने ।

<u>तपशिल</u>

सूचिकृत वेरोजगारहरुको सख्या

| वडा नं. | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| १ | २१ | ६ | २७ |
| २ | २३ | ६ | २९ |
| ३ | १९ | २९ | ४८ |
| ४ | ६१ | ५६ | ११७ |
| ५ | १७ | ६ | २३ |
| ६ | १४ | १९ | ३३ |
| ९ | १७ | ८ | २५ |
| १० | २ | ८ | १० |
| ११ | ४१ | २ | ४३ |
| १२ | ११ | ३ | १४ |
| १३ | २९ | ६ | ३५ |
| १४ | २८ | ३ | ३१ |
| जम्मा | २८३ | १५२ | ४३५ |

**७.** यस नगरपालिका वडा नं. १ मा आ.व. २०७७/०७८ मा कार्यान्वयन हुनेगरी विनियोजित आहाल डाँडा धुसेनी सडक निर्माण आयोजना सम्पन्न भएकोमा समूरक तर्फ गत आ.व. मा भुक्तानी हुनुपर्नेमा छुट भएकोले यस आ.व.मा उक्त योजनाको वाँकी रकम रु ८,९६,३६१/- (अक्षेरुपी आठ लाख छयानव्वे हजार तिन सय एकसठ्ठी रुपैया रकम भुक्तानी दिई आगामी नगर सभावाट अनुमोदन गराउने ।

**८.** यस नगरपालिकाको नवौं नगर सभाद्धारा विनियोजन भएको अर्वुङ खोला पुल निर्माणका लागि प्राविधिक इस्टिमेट अनुसार रु **१ करोड ९९ लाख ९० हजार १ सय ९४ रुपैया ४० पैसा** आवश्यक पर्ने देखिएकोले यस आ.व.मा विनियोजित रकममा अपुग भएकोले आगामी वर्षमा समेत वजेटको व्यवस्थापन गरी सम्पन्न गर्नेगरी वहुवर्षीय ठेक्का लगाउने ।

९. यस नगरपालिकाको भौगोलिक क्षेत्रभित्र वर्षाद् लगायतका विविध कारणवस धान वाली लगायतका अन्य वालीमा क्षति पुगेको हुँदा सवै वडावाट यस कार्यालयमा आवश्यक राहत उपलब्ध गराईपाउँ भनी आएका सम्पूर्ण निवेदनहरुको सूची तयार गरी रहातका उपलब्ध गराउनको लागि सम्वन्धित निकायमा सिफारिस गर्ने ।

१०. यस नगरपालिकामा कार्यरत प्राविधिक (सव-इन्जिनियर/अ.स.ई) कर्मचारीहरुलाई वडागत जिम्मेवारी तोकी वडा कार्यालयमा नै हाजिरी हुने व्यवस्था मिलाउने र नगरस्तरीय एवम् वडास्तरीय योजनाहरु सम्वन्धित वडामा कार्यरत प्राविधिकको प्रत्यक्ष निगरानी तथा सुपरभिजनमा कार्यान्वयन हुनेगरी तत्काल वातावारण मिलाउने ।

११. यस नगरपालिकाको टोल विकास संस्था (गठन तथा परिचालन) कार्यविधि, २०७६ वमोजिम टोल सुधार महासमिति धादिङको च.नं. ३८ मिति २०७८/९/०१ मा यस नगरपालिकामा पेश भएको टोल विकास संस्था महासंघ धादिङको विधान, २०७८ ( मस्यौदा) स्वीकृत गरी टोल विकास संस्था (गठन तथा परिचालन) कार्यविधि, २०७६ वमोजिम उक्त संस्था दर्ता गर्ने ।

१२. यस नगरपालिका वडा नं. ५ मा एक नगर स्तरीय फुटवल ग्राउड निर्माणका लागि सरोकारवाला निकायसँग आवश्यक वजेट विनियोजन गरि कार्यान्वयन गर्न पहल गर्ने निर्णय गरियो ।

१३. यस नगरपालिकाभित्र वनेका पूर्वनिर्मित घर/भवनहरुको अभिलेखीकरण आ.व. २०७७/०७८ को असार मसान्तसम्म त्यस्ता घर/भवनहरुको पूर्वनिर्मित अभिलेखीकरण पत्र दिईएकोमा तत् पश्चात पूर्वनिर्मित अभिलेखीकरण दिने कार्य वन्द गरिएकोमा नक्शा पास प्रक्रियामा केही पूर्वनिर्मित घर/भवनहरु अभिलेखीकरण छुट भई अभिलेखीकरण गरी प्रमाणपत्र पाँउ भनी कार्यालयमा निवेदन पर्न आएको हुँदा यस आ.व. २०७८/०७९ मा अन्तिम पटकको लागि सूचना प्रकाशन गरी माघ महिनादेखी असार १५ गतेसम्म पर्न आएका उक्त घर/भवनहरुको निवेदन नयाँ घर/भवन नक्शा पास दस्तुर सरह कर लगाई यस आर्थिक वर्षको असार मसान्तसम्म पूर्वनिर्मित अभिलेखीकरण प्रमाणपत्र प्रदान गर्ने, नक्सा पास प्रक्रियमा नआई घर निर्माण कार्य सुरु गरी नक्सा पासमा आउनेको हकमा लाग्ने वर्गाफिट अनुसार लाग्ने दस्तुरको थप ५० प्रतिशत दस्तुर जरिवाना गरी मापदण्ड पुगेका

घर/भवनहरुको नक्सा पास गर्ने र नक्सा पास प्रक्रियामा नआई घर/भवन सम्पन्न गरी नक्सापास गर्न आउनेको हकमा वर्गफिट अनुसार लाग्ने दस्तुरको थप सतप्रतिशत जरिवाना गरी भवन निर्माण नियमित प्रमाणपत्र/भवन निर्माण सम्पन्न प्रमाणपत्र दिईने व्यवस्था मिलाउने ।

**१४.** नेपाल सरकारद्धारा स्वीकृत स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङकन कार्यविधि, २०७७ ले निर्धारण गरेको सूचकका आधारमा यस नगरपालिकाको स्व-मुल्याङकन गरी सम्वन्धित निकायको लिङ्कमा प्रविष्टी गर्ने ।

**१५.** यस नगरपालिका, नगर कार्यपालिकाको कार्यालयवाट नीलकण्ठ नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्भेक्षण (O and M Survey ) गरिएकोमा प्राप्त सर्वेक्षण प्रतिवेदन अनुसार रिक्त रहेका पदहरुको पदपूर्तिका लागि वागमती प्रदेश लोक सेवा आयोगमा माग आकृति फाराम भरी पठाउने ।

**१६.** यस नगरपालिकाको नवौं नगरसभाद्धारा स्वीकृत वजेट एवम् नगर सभाको नीति तथा कार्यक्रम अनुसार कार्यालयको सेवा प्रवाहलाई चुस्त दुरुस्त र छिटो छरितो वनाउने उद्देश्यले कार्यालयद्धारा ५० प्रतिशत अनुदान साझेदारीमा कर्मचारीहरुलाई ल्यापटप वितरण गर्नेगरी खरिद भएअनुसार खरिद भएका ल्यापटप यस नगरपालिकाका सवै वडा सचिव, यस नगरपालिकाका सवै स्वास्थ्य इन्चार्ज र वडामा रहेका वडा प्राविधिक एवम् कार्यालयमा कार्यरत कर्मचारीको कामको प्रकृति हेरी प्राथमिकीकरणका आधारमा वितरण गर्ने ।

**१७.** चालु आ.व. २०७८/०७९ को वजट किताव (रातो किताव) को पेज ११५ को सि.नं. ४६९ मा प्रदेश सशर्त अनुदान तर्फ यस कार्यालय मार्फत कार्यान्वयन हुने गरी विनियोजन भएको योजना प्रगतिशील महिला समुह सामुदायिक भवन निर्माण योजना तथा पाँचधारे महिला सामुदायिक भवन निर्माण शीर्षकमा रु २० लाख विनियोजन भएकोमा प्रगतिशील महिला समुह सामुदायिक भवन निर्माण योजनालाई रु १० लाख तथा पाँचधारे महिला सामुदायिक भवन निर्माणलाई रु १० लाख हुने गरी व्यवस्था मिलाउने ।